**संघीय संसद**

**प्रतिनिधि सभा**

**सार्वजनिक लेखा समिति**

**बैठक संख्या-२५**

मितिः-२०८१/०२/१७

**छलफल तथा निर्णयहरु**

समितिको आजको बैठकमा **"महालेखापरीक्षकसँग विविध विषयमा छलफल"** कार्यसूची अन्तर्गत महालेखापरीक्षक र अन्य पदाधिकारीहरुसँग छलफल भयो। समितिले नवनियुक्त महालेखा परीक्षकलाई हार्दिक बधाई दिँदै कार्यकालको सफलताको समेत शुभकामना व्यक्त गर्यो। छलफल पश्चात् समितिबाट देहायबमोजिम निर्णय भयो:-

१. महालेखापरीक्षकको कार्यालय तथा नेपाल सरकारका सम्बन्धित निकायलाई देहायबमोजिम निर्देश गर्ने:-

क) हरेक बर्ष बेरुजुको अंश बढ्दै गइरहेको अवस्थाले राष्ट्रिय स्तरमा मात्र नभई अन्तराष्ट्रिय स्तरमै बित्तीय अराजकताको सन्देश प्रवाह भइरहेको सन्दर्भमा, बेरुजु न्यूनीकरण र कायम भएको बेरुजुलाई शीघ्र फछ्र्यौट गरी आर्थिक अनुशासन र वित्तीय सुशासन एवं उत्तरदायित्वको सुनिश्चित गर्ने गरी **रणनीतिक कार्ययोजनाको मस्यौदा तयार** गरी समितिमा पेश गर्ने,

ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ मा प्रारम्भिक लेखापरीक्षणको प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र र उक्त अवधिभित्र फछ्र्यौट तथा सम्परीक्षण गराउन नसक्ने मनासिव माफिकको कारण भएमा **एक महिनासम्म म्याद थप गर्न** सक्ने प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, गराउन,

ग) लेखा परीक्षणको बार्षिक प्रतिवेदनलाई जोखिममा आधारित, कार्यमूलक लेखापरीक्षण, वातावरणीय लेखापरीक्षण, सुचना प्रविधि र लैङ्गिक लेखापरीक्षण लगायतका **नविनतम अन्तराष्ट्रिय लेखापरीक्षणका विधि तथा पद्धतिका** आधारमा समेत थप गरी प्रभावकारी बनाउनुका साथै सैद्धान्तिक बेरुजु, असुल उपर गर्नुपर्ने बेरुजु र पेश्की बेरुजुलाई मन्त्रालयगत रुपमा छुट्टाछुट्टै उल्लेख गरी आगामी वार्षिक प्रतिवेदन तयार गर्न, गराउन,

घ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४१ (२) र (३) बमोजिम सार्वजनिक लेखा समितिमा छलफल गरी प्रतिनिधि सभाबाट स्वीकृत समितिको सुझावसहितको बार्षिक प्रतिवेदनबमोजिम कार्यान्वयन गर्ने गराउने र बेरुजुको **लगतबाट हटाउनुपर्ने विषय ३० दिनभित्र हटाई** सोको जानकारी समितिलाई दिने व्यवस्थाको प्रभावकारी कार्यान्वयन नहुँदा लगत कट्टा गर्ने विषय रोकिएको अवस्था छ । सो प्रावधानलाई शीघ्र प्रभावकारी कार्यान्वयन गरी समितिलाई जानकारी गराउन,

ङ) महालेखापरीक्षकको कार्यालयबाट बेरुजु वा कैफियतहरु उठाउँदा कुन कानुनको कुन दफा नियम वा निर्देशिकाको प्रावधान अनुसार वेरुजु हुन गएको हो ? सो उल्लेख गरी फछ्र्यौट गर्नको लागि पेश गर्नुपर्ने **प्रमाण/ कागजात वा स्वीकृती गर्ने पदाधिकारीको स्पष्ट विवरण प्रतिवेदनमा समावेश** गर्न, गराउन,

च) एउटै विषयमा लेखापरीक्षण पदाधिकारी कसैले बेरुजु उठाउने, कसैले नउठाउने प्रवृत्ति अन्त्य गर्न र बेरुजु उठाउने कार्यमा एकरुपता कायम गर्न गराउन आगामी दिनमा **लेखापरीक्षण मापदण्डलाई अनिवार्य पालना** गरी मनोगत आधारमा बेरुजु उठाउने कार्यमा नियन्त्रण गर्न, गराउन,

छ) संविधान र प्रचलित कानून बमोजिम औचित्यको आधारमा उठाउने वेरुजुहरु वस्तुगत आधारमा मात्र उठाउने प्रणाली स्थापित गर्ने । **कार्यकुशलता वा प्रभावकारिताको आधारमा परीक्षण गर्दा सूचकहरुको प्रयोग**को आधारहरु स्पष्ट गरेर मात्र उल्लेख गर्न, गराउन,

ज) सैद्धान्तिक वेरुजुको रुपमा व्यहोरामा मात्र उल्लेख गरिने कैफियतको सम्बन्धमा **कुन नीति नियम अख्तियारी वा पदाधिकारीको कारणबाट** यस्तो नीतिगत, व्यवस्थापकीय कैफियतहरु उत्पन्न भएको हो सो स्पष्ट उल्लेख गरी लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख वा आर्थिक प्रशासन प्रमुख कसको कारणबाट भएको हो सो स्पष्ट रुपमा नाम नामेसी तोकी कैफियत समेत मात्रा अनुसार तोक्ने,

झ) निश्चित बजेट भएको कार्यालयको लागि **वेरुजु उठाउँदा सो बजेट भन्दा बढी नहुने गरी** जुन कार्यको लागि बजेट खर्च गरिएको छ सो स्पष्ट गरेर मात्र गर्ने,

ञ) खर्च गर्ने गराउने कार्यमा मात्र नभै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ तथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को साथै कार्यकारी मन्त्रालयको ऐन नियम (जस्तै शिक्षा स्वास्थ्य वन आदि) को साथै **कार्य विभाजन नियमावली अनुसार भए नभएको** समेत वेरुजु वा कैफियतहरु समावेश गर्न, गराउन,

ट) मन्त्रालयगत नीति निर्माण, बजेट तथा कार्यक्रमको कार्यान्वयन वा लक्ष्य अनुसार खर्च हुन नसकेको अवस्थामा र सार्वजनिक खरिद कार्यमा **राजनीतिक नेतृत्वको संलग्नता वा उत्तरदायित्व समेत किटान** गरी कैफियतहरु तयार गर्न, गराउन,

ठ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली अनुसार विनियोजित बजेट कार्यान्वयन नगर्ने पदाधिकारीहरुलाई मासिक रुपमा लेखा उत्तरदायी अधिकृत र त्रैमासिक रुपमा सम्बन्धित मन्त्रालयका मन्त्रीहरुले **मातहतका पदाधिकारीहरुलाई जिम्मेवार बनाउन कानूनी कारवाही गरे नगरेको किटान** गरी उल्लेख गर्ने र महालेखा नियन्त्रक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक र प्रदेश लेखा नियन्त्रक कार्यालयले यस्तो पदाधिकारीहरुलाई कानून बमोजिम सचेत गराएको नगराएको, अनुगमन गरे नगरेको समेत उल्लेख गरी ती कार्यालयहरुले यस कार्यको पालना गरे/नगरेको कुराको अनुगमन प्रतिवेदन समेत तयार गर्ने,

ड) लेखापरीक्षण गर्दा व्यवस्थापन लेखापरीक्षण, फोरेन्सीक लेखापरीक्षण लगायतका अन्य लेखापरीक्षण प्रणालीहरुलाई सरकारको **नतिजामुखी र प्रतिफलमुखी बनाउने** प्रणाली बनाउने तर्फ अग्रसर हुने कार्ययोजना बनाई कार्यसम्पादन गर्ने, गराउने,

ढ) आन्तरिक लेखापरीक्षणको माध्यमबाट औंल्याईएका वेरुजु तथा कैफियतहरुको स्तर मापनको साथै त्यस्ता वेरुजुहरु **अन्तिम लेखापरीक्षण वेरुजु प्रतिवेदनमा समावेश हुने** अनिवार्य व्यवस्था मिलाउन,

ण) लेखापरीक्षणको कार्यलाई **विद्युतीय माध्यममार्फत् लेखापरीक्षण हुने प्रणाली** विकास गरी सुधार गर्न, अध्ययन गरी आवश्यक कार्य गर्दै लैजाने गरी व्यवस्थापन गर्न, गराउन,

२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४२ बमोजिमको **बेरुजु फछ्यौंट समिति**मा यस समितिका माननीय सदस्य अच्युत प्रसाद मैनालीलाई तोक्ने निर्णय भयो।

३. बेरुजु फछ्यौंटका लागि समितिबाट गठित विभिन्न उपसमितिमध्ये परराष्ट्र मन्त्रालय लगायतको छलफल गर्न गठित उपसमितिमा माननीय सदस्य तेजुलाल चौधरीलाई र कृषि तथा पशुपंक्षी विकास मन्त्रालय लगायतको छलफल गर्न गठित उपसमितिमा माननीय सदस्य श्याम कुमार घिमिरेलाई **संयोजक तोक्ने** र समितिका सदस्य माननीय शरद सिंह भण्डारीलाई कृषि तथा पशुपंक्षी विकास मन्त्रालय लगायतको छलफल गर्न गठित उपसमितिमा मनोनयन गर्ने निर्णय भयो।

४. समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी यो बैठक स्थगित भयो।